नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं।

**राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि सिफारिस सहितको आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

(प्रकाशित मिति २०७९/०५/०८)

यस मन्त्रालयबाट आर्थिक वर्ष २०७९/८० मा प्रदान गरिने राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएका योग्य नेपाली युवा नागरिक, युवा समूह तथा युवा संघसंस्थाहरूको राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२ (संशोधनसहित) अनुसारको विवरण र सोलाई पुष्टि गर्ने कागजातहरू संलग्न राखी कार्यविधिको अनुसूची २ बमोजिमको सिफारिस सहित अनुसूची १(क) वा १ (ख) अनुसारको आवेदन यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस मन्त्रालयमा दर्ता गराउन हुन वा यस मन्त्रालयको इमेल info@moys.gov.np मा पठाउन हुन सम्बन्धित व्यक्ति, समूह वा संघसंस्थाहरूको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी थप जानकारीको लागि यस मन्त्रालयको वेबसाइट www.moys.gov.np मा राखिएको राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२ (संशोधनसहित) हेर्नुहुन र मन्त्रालयको फोन नं. ०१-४२००५४४ मा सम्पर्क गर्नुहुन समेत सूचित गरिएको छ।